जर्मनी

Bundesamt für Migration und Flüchtlinge

EUROPEAN UNION AGENCY FOR ASYLUM

# शरणको लागि आवेदन गर्ने बारेमा तपाईंलाई के जान्नु आवश्यक छ

## सँगै नभएका बच्चाहरूको लागि जानकारी




नमस्ते, हामी विभिन्न देशका बच्चाहरू हौँ। हामी सुरक्षा खोज्नको लागि जर्मनी आइपुग्नु अघि हामीले लामो यात्रा गर्यौं। हामी हाम्रा आमाबाबु बिना एक्लै आइपुगेका थियौँ।
नमस्कार। मेरो नाम लिसा हो। शरणको लागि आवेदन गर्ने बारेमा तपाईंले जान्नुपर्ने कुराहरू (जसलाई अन्तर्राष्ट्रिय सुरक्षा पनि भनिन्छ) जुन म तपाईंलाई व्याख्या गर्न गइरहेको छु।

# अन्तर्राष्ट्रिय सुरक्षा भनेको के हो?







यदि कुनै व्यक्ति आफ्नो देशमा खतरामा भएको कारणले गर्दा त्यहाँ फर्कन सक्नुहुन्न भने, उहाँहरूले अन्तर्राष्ट्रिय सुरक्षा प्राप्त गर्न सक्नुहुन्छ र उहाँहरूलाई यो सुरक्षा प्रदान गर्ने देशमा सुरक्षित रूपमा रहन सक्नुहुन्छ।

तपाईंको संरक्षकले अन्तर्राष्ट्रिय सुरक्षा कसले प्राप्त गर्न सक्नुहुन्छ र यसको प्रक्रिया के हो भन्ने बारेमा तपाईंलाई थप व्याख्या गर्नु हुने छ।

युरोपमा, अन्तर्राष्ट्रिय सुरक्षालाई शरण, शरणार्थी स्थिति वा सहायक सुरक्षा पनि भन्न सकिन्छ। सायद तपाईंले शरण शब्द पहिले नै सुनिसक्नुभएको होला। अन्तर्राष्ट्रिय सुरक्षाको बारेमा कुरा गर्दा म शरण शब्द प्रयोग गर्ने छु किनकि यो तपाईंलाई सम्झन सजिलो हुन्छ।

## सम्झनुहोस्, तपाईं अहिले सुरक्षित हुनुहुन्छ।


**युरोपमा, मानिसहरू जहाँबाट आएका हुन्, उनीहरूको धर्म वा छालाको रंगको भेदभाव नगरी सबैलाई समान व्यवहार गरिन्छ।**





युरोपमा, 18 वर्ष भन्दा कम उमेरका सँबैलाई बच्चा मानिन्छ।

एक बच्चाको रूपमा तपाईंसँग विशेष अधिकारहरू छन्। तपाईंको सुरक्षा र कल्याण धेरै महत्त्वपूर्ण छ।



तपाईंले यहाँ देखाइए अनुसार विभिन्न अधिकारीहरूलाई भेट्नु हुने छ, जस्तै शरणार्थी निकायका कर्मचारीहरू। उहाँहरूले तपाईंलाई तपाईंको बारेमा र तपाईंको युरोपसम्मको यात्राको बारेमा प्रश्नहरू सोध्नु हुने छ।

याद राख्नुहोस्, अधिकारीहरू तपाईंको सुरक्षा गर्न र तपाईंको लागि के सबैभन्दा राम्रो हुन्छ भनेर निर्णय गर्न यहाँ हुनुहुन्छ।

तपाईं आफूले के सोच्नुहुन्छ, तपाईंलाई के चाहिन्छ र तपाईंलाई कस्तो महसुस हुन्छ भन्ने कुरा अधिकारीहरूलाई सधैं बताउन सक्नुहुन्छ।



# अभिभावक भनेर कसलाई बुझिन्छ?





तपाईं आफ्नो आमाबाबु बिना यहाँ आउनुभएको हनाले, अधिकारीहरूले तपाईंलाई एक अभिभावक भनिने वयस्क नियुक्त गर्नु हुने छ जसले तपाईंलाई सहयोग गर्नु हुने छ।

अभिभावक भनेको त्यस व्यक्तिलाई बुझिन्छ जसले आफ्ना आमाबाबु वा उहाँहरूको लागि जिम्मेवार अर्को वयस्क बिना युरोप पुग्ने बच्चाहरूलाई सहयोग गर्नुहुन्छ।

अभिभावक पुरुष वा महिला हुन सक्नुहुन्छ। अभिभावकहरूलाई प्रतिनिधि वा बाल तथा युवा सेवा वा आप्रवासन प्राधिकरणका एजेन्ट पनि भन्न सकिन्छ।

यदि तपाईंले अहिलेसम्म आफ्नो अभिभावकलाई भेट्नुभएको छैन भने, तपाईंले उहाँहरूलाई सकेसम्म चाँडो भेट्नु हुने छ।

कहिलेकाँही, तपाईंले आफ्नो स्थायी अभिभावकलाई नभेट्दासम्म तपाईंलाई सहयोग गर्न अधिकारीहरूले पहिले अस्थायी अभिभावक नियुक्त गर्न सक्नु हुन्छ।






तपाईंको बसाइको बारेमा तपाईंले जान्नुपर्ने सबै कुरा व्याख्या गर्न र महत्त्वपूर्ण निर्णयहरू गर्न मद्दत गर्न एक अभिभावक त्यहाँ हुनुहुन्छ। उदाहरणका लागि, एक अभिभावकले तपाईंलाई शरणको आवेदनमा सहयोग गर्नु हुने छ, प्रक्रियाहरूको बारेमा व्याख्या गरिदिनु हुने छ, तपाईंका अधिकार र कर्तव्यरू बुझाइदिनु हुने छ र अधिकारीहरूसँगका बैठकहरूमा तपाईंसँगै सहभागी हुनु हुने छ।

तपाईं सधैं अभिभावकलाई आफ्नो विचार बताउन, उहाँहरूलाई प्रश्नहरू सोध्न र तपाईंलाई केही आवश्यक परेमा भन्न सक्नुहुन्छ। उहाँहरू तपाईंलाई सहयोग गर्न त्यहाँ हुनुहुन्छ।



यदि तपाईंलाई आफ्नो अभिभावकसँग समस्या छ भने, बाल तथा युवा सेवा वा आप्रवासन प्राधिकरणका एजेन्टलाई भन्नुहोस्। यसले तपाईंको शरण आवेदनलाई नकारात्मक रूपमा असर गर्नेछैन।



# प्रक्रियाको क्रममा के मद्दत प्रदान गरिने छ?





बस्नका लागि सुरक्षित ठाउँ



कपडाहरू



तपाईंलाई आवश्यक पर्ने अन्य चीजहरू



खाना



तपाईं डाक्टरकहाँ जान सक्नुहुन्छ



तपाईं स्कूल जानु हुने छ



तपाईं आफ्नो लागि राम्रो ठाउँमा बस्नु हुने छ र तपाईंको उमेरको आधारमा तपाईंलाई आवश्यक मद्दत प्राप्त गर्नु हुने छ

# मैले शरण मागें, अब के हुन्छ?






**सबैभन्दा पहिले, तपाईंको आवेदन दर्ता र पेश हुनुपर्छ।**

दर्ता गर्न र आवेदन पेश गर्न, तपाईंका अभिभावकले अध्यागमन अधिकारीहरूलाई एउटा फाराम पठाउने छन्। त्यसपछि तपाईंलाई शरणका लागि अनुरोध गर्ने र अभिभावकसँग दर्ता गरेर आफ्नो आवेदन बुझाउने मिति दिइने छ। तपाईंले शरणको लागि अनुरोध गरेपछि सोही दिन दर्ता हुने छ।

तपाईंको अभिभावक, तपाईंको अस्थायी अभिभावक वा तपाईं बस्ने ठाउँका वयस्क कर्मचारीले तपाईंलाई समय र दिनको बारेमा सूचित गर्नु हुने छ र तपाईंको अभिभावकले तपाईंलाई अधिकारीहरूमा साथ दिनु हुने छ।

प्रक्रियाको क्रममा तपाईंको अभिभावक तपाईंको साथमा हुनु हुने छ।



# दर्ता र पेशको समयमा निम्न कुराहरू हुने छन्...





तपाईंले अधिकारीहरूलाई तपाईंसँग भएका सबै परिचय खुल्ने कागजातहरू (राहदानी, परिचयपत्र आदि) देखाउनु हुने छ।

तपाईं र तपाईंका व्यक्तिगत सामानहरूको खोजी हुन सक्छ। अधिकारीहरूले तपाईंको सामान केही समयको लागि राख्न सक्नुहुन्छ, तर उहाँहरूले तपाईंलाई खतरनाक सामानहरू बाहेक सबै फिर्ता गर्नु हुने छ।






तपाईंको फोटो खिचाइने छ।

तपाईंको औंलाको छाप लिइने छ।







तपाईंले डाक्टरलाई भेट्न सक्नुहुन्छ

- एक अधिकारीले तपाईंलाई तपाईंको र युरोपमा तपाईंको परिवारको बारेमा प्रश्नहरू सोध्नु हुने छ
- थप जानकारी सङ्कलन गरिने छ: तपाईंको धर्म वा जातीयता, तपाईंले बोल्ने वा बुझ्ने भाषाहरू र तपाईंले अध्ययन गरेको स्कुल(हरू)को बारेमा

एक अधिकारीले तपाईंलाई तपाईंको सम्पर्क विवरण (तपाईंको ठेगाना र फोन नम्बर) प्रदान गर्न लगाउनु हुने छ।



तपाईंलाई निम्नका बारेमा थप प्रश्नहरू सोधिने छ:

- तपाईं र तपाईंको परिवार
- तपाईंको देश र तपाईं पहिले बसेका ठाउँहरू
- तपाईंले आफ्नो देश किन छोड्नुभयो र तपाईं किन फर्कन चाहनुहुन्न
- तपाईं  जर्मनीसम्म कसरी यात्रा गर्नुभयो



## याद राख्नुहोस्!

तपाईंले आफ्नो अभिभावकसँग कुरा गर्नु र शरणार्थी अधिकारीहरूसँग मिलेर काम गर्नु धेरै महत्त्वपूर्ण छ।



तपाईंले आफ्नो अभिभावक वा अधिकारीहरूलाई भन्नुभएको कुरा **गोप्य** रहने छ। यसको अर्थ यो हो कि तपाईंले उहाँहरूलाई दिने जानकारी तपाईंको गृह देशको सरकार वा तपाईंलाई डर भएका व्यक्तिहरूसँग कहिल्यै साझा गरिने छैन।



# के म शरण प्रक्रियाको समय जर्मनी मा रहनेछु?





दर्तापछि, अधिकारीहरूले कुन देशले तपाईंको आवेदनको जाँच गर्ने छ भन्ने निर्णय गर्नु हुने छ। यो या त जर्मनी वा अर्को युरोपेली देश हुने छ। तपाईंले देश रोज्न पाउनुहुने छैन, तर तपाईंको सर्वोत्तम हितलाई ध्यानमा राखिने छ। अधिकारीहरूले तपाईंलाई यो व्याख्या गर्नु हुने छ।





दर्ताको क्रममा तपाईंले अधिकारीहरूलाई बताउनु महत्त्वपूर्ण छ:

- यदि तपाईंको अर्को युरोपेली देशमा परिवार छ भने
- यदि तपाईंले पहिले अर्को युरोपेली देशमा शरणको लागि अनुरोध गर्नुभएको छ भने।

यदि युरोपमा तपाईंको परिवार छ भने, तपाईंलाई आफ्नो परिवारको बारेमा थाहा भएका सबै कुरा अधिकारीहरूलाई बताउनु महत्त्वपूर्ण छ। यो सम्भव छ कि तपाईं उहाँहरूसँग यस देशमा वा उहाँहरू बस्ने देशमा रहन सक्नुहुन्छ।

यदि तपाईंलाई आफ्नो परिवार कहाँ छ भन्ने थाहा छैन वा तपाईंले उहाँहरूसँग सम्पर्क गुमाउनु भएको छ भने, तपाईंले आफ्नो परिवार खोज्न मद्दतको लागि आफ्नो अभिभावक वा प्रतिनिधिलाई सोध्न सक्नुहुन्छ।



# दर्ता र पेश पछि के हुन्छ?





तपाईंले आफ्नो आवेदन पेश गरिसकेपछि, तपाईंलाई
तपाईंले शरणको लागि अनुरोध गर्नुभएको कागजात
दिइने छ। यो कागजात महत्त्वपूर्ण छ त्यसैले यसको
राम्रो हेरचाह गर्नुहोस्। तपाईं बसिरहेको ठाउँबाट बाहिर
निस्कँदा वा अधिकारीहरूसँग बैठक हुँदा यसलाई सधैं
आफूसँगै राख्नुहोस्।



# अधिकारीहरूले मेरो उमेर कसरी थाहा पाउनु हुने छ?





यदि तपाईंसँग आफ्नो उमेर प्रमाणित गर्ने कागजातरू  छैनन् र यदि अधिकारीहरूलाई तपाईंको उमेरको बारेमा शंका छ भने, शरण अधिकारीहरूका कर्मचारीहरूले तपाईंलाई उमेर मूल्याङ्कन गर्न अनुरोध गर्न सक्नुहुन्छ। यो तपाईंको उमेर अनुमान गर्न मद्दत गर्ने एउटा अभ्यास हो।

तपाईंको उमेर अनुमान गर्ने विभिन्न तरिकाहरू छन्।

उदाहरणका लागि, यो तपाईंले पेश गर्नुभएको कागजात वा अधिकारीहरू वा विभिन्न विशेषज्ञहरूसँगको अन्तर्वार्तामा आधारित हुन सक्छ। यदि थप शंका भएमा, तपाईंलाई स्वास्थ्य परीक्षण गराउन अनुरोध गरिन सक्छ। यस अवस्थामा, तपाईं र तपाईंको अभिभावकलाई सहमति प्रदान गर्न अनुरोध गरिने छ।

यदि उमेर मूल्याङ्कनले तपाईं 18 वर्ष भन्दा माथिको हुनुहुन्छ भन्ने निष्कर्ष निकाल्छ भने, तपाईंलाई वयस्क मानिने छ। यस अवस्थामा, तपाईंले थप जानकारी प्राप्त गर्नु हुने छ।





यदि अधिकारीहरूलाई कसैले तपाईंलाई चोट पुर्याएको छ भन्ने लाग्यो भने, उहाँहरूले तपाईंलाई डाक्टरलाई देखाउन सुझाव दिनु हुने छ।

तपाईंको आवेदनको जाँच गर्दा मेडिकल जाँचको नतिजालाई ध्यानमा राखिने छ।




**तपाईंको आवेदन दर्ता भएपछि, तपाईंसँग एक वा बढी व्यक्तिगत अन्तर्वार्ताहरू गरिन सक्छन्।**

यसको अर्थ यो हो कि एक अधिकारीले तपाईंको बारेमा, तपाईंले आफ्नो देश किन छोड्नुभयो र तपाईं किन फर्कन चाहनुहुन्न भन्ने बारेमा थप प्रश्नहरू सोध्नु हुने छ। यदि अधिकारीहरूले तपाईंलाई अन्तर्वार्तामा भाग लिन आग्रह गर्नुहुन्छ भने तपाईं त्यसमा उपस्थित हुनुपर्छ र आफूले सम्झिन सक्ने सबै कुरा उहाँहरूलाई बताउनुपर्छ। व्यक्तिगत अन्तर्वार्ताको अडियो रेकर्ड गरिने छ।

तपाईंको अभिभावकले तपाईंलाई अन्तर्वार्ता कहिले र कहाँ हुने छ भनेर बताउनु हुने छ र अन्तर्वार्ताको समयमा तपाईंलाई सहयोग गर्नु हुने छ।



# यदि मैले अधिकारीहरूको भाषा बुझिन भने के हुन्छ?





यदि तपाईं अध्यागमन प्राधिकरणका एजेन्टहरूको भाषा बोल्नुहुन्न र बुझ्नुहुन्न भने, तपाईंको भाषा बोल्न सक्ने दोभाषेले तपाईंलाई बुझ्न मद्दत गर्ने छ।

तपाईंको मामिलामा, भनिएका कुराहरूलाई अनुवाद गर्ने बाहेक दोभाषेको अन्य कुनै भूमिका हुँदैन। तपाईंले मामिला अधिकारी र दोभाषेलाई भनेका कुराहू गोप्य रहने छन्।

पाईंलाई कुन कुरामा बढी सहज महसुस हुन्छ, सोही आधारमा तपाईंले आफ्नो अन्तर्वार्ता लिने व्यक्ति वा दोभाषे महिला वा पुरुष होस् भनी अनुरोध गर्न सक्नुहुन्छ। यदि उपलब्ध भएमा उहाँहरूलाई उपलब्ध गराइनेछ। तपाईं महिला वा पुरुष कसलाई प्राथमिकता दिनुहुन्छ भन्ने कुरा अन्तर्वार्ता हुनुभन्दा अगावै र सकेसम्म चाँडो आफ्नो अभिभावकलाई बताउनुहोस्।



# यसले कति समय लिन्छ?






अन्तर्वार्ता पछि तपाईंले व्याख्या गर्नुभएको सबै कुराको जाँच गरिने छ।


पेशको दिनदेखि, तपाईंले आफ्नो निर्णय प्राप्त गर्न 6 **महिना**सम्म कुर्नु पर्ने हुन सक्छ। कहिलेकाँही, यसले लामो समय लिन सक्छ, तर यसलै 21 **महिंना** भन्दा लामो समय लिनु हुँदैन। पर्खन गाह्रो हुन सक्छ तर धैर्य गर्नुहोस्। अधिकारीहरू तपाईंको लागि सही निर्णय लिन चाहनुहुन्छ।

तपाईंलाई पर्खाइको सामना गर्न मद्दत चाहिएमा तपाईंले सधैं आफ्नो संरक्षकलाई सोध्न सक्नुहुन्छ।



## एकजना साथीले अधिकारीहरूले उहाँको शरणको आवेदन जाँच नगर्ने बताउनुभएको छ। किन र त्यस्तो?





अधिकारीहरूले पहिले उहाँहरूले शरण आवेदन जाँच्न आवश्यक छ कि छैन भनेर जाँच गर्नुहुन्छ।

यदि तपाईंलाई पहिले नै अर्को देशमा सुरक्षा दिइएको छ वा यदि तपाईं सुरक्षित ठान्ने देशबाट आउनुभएको छ भने अधिकारीहरूले तपाईंको आवेदनको पूर्ण रूपमा जाँच नगर्न पनि सक्नुहुन्छ।

# मैले के निर्णय प्राप्त गर्ने छु?





शरण अधिकारीहरूले तपाईंलाई शरण चाहिन्छ वा तपाईंको लागि अन्य विकल्पहरू छन् कि भनेर निर्णय गर्नु हुने छ।

निर्णयका बारेमा तपाईंलाई बुझाइने छ।



यदि तपाईंले नकारात्मक निर्णय प्राप्त गर्नुभयो र तपाईं वा तपाईंको अभिभावक त्यस निर्णयसँग असहमत हुनुहुन्छ भने, तपाईंले त्यसलाई अदालतमा लगेर चुनौती दिन सक्नुहुन्छ। यसलाई अपील भनिन्छ।






# मैले शरण प्रक्रियाको बारेमा थप जानकारी कसरी प्राप्त गर्न सक्छु?





तपाईंको अभिभावक बाहेक, त्यहाँ कानुनी सल्लाहकारहरू पनि हुनुहुन्छ उहाँहरूले तपाईंलाई शरण प्रक्रिया, तपाईंको अधिकार र तपाईंको दायित्वहरू बुझाउन सक्नुहुन्छ।

आफ्नो अभिभावकलाई कसरी सम्पर्क गर्ने भनेर सोध्नुहोस्।



यदि तपाईं आफ्नो मद्दतका लागि वकीलको मद्दत चाहनुहुन्छ भने, आफ्नो अभिभावक वा अन्य कुनै अधिकारीसँग कुरा गर्नुहोस्।





## वकिलले, तपाईंको अभिभावकसँग मिलेर तपाईंलाई निम्न काम गर्न मद्दत गर्न सक्नुहुन्छ:



अधिकारीहरूसँगको अन्तर्वार्ताको लागि तयारी गर्न।



शरण अधिकारीहरूसँग कुरा गर्न



यदि तपाईं वा तपाईंको अभिभावक निर्णयसँग सहमत हुनुहुन्न भने तपाईंको शरण आवेदन र अपीलको निर्णय बुझ्न।



तपाईंले आफ्नो शरण प्रक्रियाको क्रममा कुनै पनि समयमा UNHCR लाई सम्पर्क गर्न सक्नुहुन्छ।

UNHCR ले शरणार्थीहरू र शरणार्थीहरूलाई सहायता र सुरक्षा गर्दछ।

UNHCR का लागि काम गर्ने व्यक्तिहरूले शरण खोज्नेहरूलाई जानकारी र सहायता प्रदान गर्नुहुन्छ।

तपाईं थप जानकारी https://help.unhcr.org/ मार्फत पाउन सक्नुहुन्छ।



UNHCR
The UN Refugee Agency

# यदि म अस्वस्थ छु वा म प्रायः चिन्तित हुन्छु भने म कसरी मद्दत पाउन सक्छु?






तपाईं बस्ने ठाउँमा काम गर्ने आफ्नो अभिभावक, एक अधिकारी वा कर्मचारीलाई भन्नुहोस्, यदि:











कसैले तपाईंलाई चोट पुर्याएमा


तपाईं उदास, रिसाएको, डराएको महसुस गर्नुहुन्छ वा तपाईंलाई सुत्न गाह्रो हुन्छ भने

तपाईंसँग अन्य कुनै कठिनाइहरू छन् जस्तै अपाङ्गता वा रोग वा यदि तपाईं गर्भवती हुनुहुन्छ भने

यस्तो अवस्थामा, तपाईंले मद्दत प्राप्त गर्नु हुने छ

# के मेरा कुनै दायित्वहरू छन्?





**हो**

**तपाईंले यस देशको कानून र नियमहरू पालना गर्नुपर्छ।**

यदि तपाईंलाई नियम वा कानूनको बारेमा शंका छ भने, आफ्नो अभिभावकलाई सोध्नुहोस्।




**तपाईं आफ्नो अभिभावकले तपाईंलाई बस्न भन्नुभएको ठाउँमा बस्नुपर्छ।**

अधिकारीहरूले तपाईंको लागि ठाउँ रोज्नुभयो।
अधिकारीहरूको अनुमति बिना भाग्ने वा तपाईं रहेको स्थान वा जर्मनी छोड्ने काम नगर्नुहोस्।



**तपाईंले अधिकारीहरूसँग मिलेर काम गर्नुपर्छ।**

अनुरोध गर्दा, तपाईंले उहाँहरूको प्रश्नहरूको जवाफ दिनुपर्छ र उहाँहरूको निर्देशनहरू पालना गर्नुपर्छ।



**अधिकारीहरूले तपाईंलाई प्रश्न सोध्दा सत्य बोल्नुहोस् र आफूलाई थाहा भएका सबै कुरा बताउनुहोस्।**

तपाईंले भन्नुहने कुरा तपाईंको आवेदनका लागि धैरै महत्त्वपूर्ण हुन्छ।

तपाईंलाई सबै कुरा याद नहुन सक्छ र तपाईं सबै प्रश्नहरूको जवाफ दिन सक्षम नहुन सक्नुहुन्छ। यदि तपाईंले सम्झिन सक्नुहुन्न भने, जवाफ नबनाउनुहोस्, बरु आफूले सम्झिन नसकेको कुरा स्पष्ट पार्नुहोस्।

**तपाईंले अधिकारीहरूसँग का सबै अपोइन्टमेन्टहरूमा उपस्थित हुनुपर्छ।**

यी अपोइन्टमेन्टहरू धैरै महत्त्वपूर्ण छन्। तपाईं तोकिएको दिन र समयमा उपस्थित हुनुपर्दछ।







**तपाईंले सही सम्पर्क विवरणहरू प्रदान गर्नुपर्छ।**

तपाईंले सबै जानकारी र अपोइन्टमेन्टहरू प्राप्त गर्नुभएको सुनिश्चित गर्न अधिकारीहरूलाई ठेगाना वा फोन नम्बर दिनुपर्छ। अभिभावकले पनि यो जानकारी प्राप्त गर्नु हुने छ र तपाईंलाई तपाईंको अपोइन्टमेन्टहरूको सम्झना गराउन सक्नु हुने छ। यदि तपाईंको सम्पर्क विवरणहरू परिवर्तन भएमा, तपाईंको अभिभावक र शरण अधिकारीका कर्मचारीहरूलाई भन्नुहोस्। उहाँहरू तपाईंकहाँ पुग्न सक्नुहुन्छ भन्ने कुरा महत्त्वपूर्ण छ।

**तपाईंले आफूसँग भएका सबै कागजातहरू अधिकारीहरूलाई दिनुपर्छ।**

तपाईंसँग सम्बन्धित सबै कागजातरू र तपाईंले आफ्नो देश छोड्नुको कारणहरू दिनुहोस्। यसमा पहिचान कागजातरू (राहदानी), जन्म वा विद्यालय प्रमाणपत्र, मेडिकल कागजात वा अन्य कागजातहरू समावेश छन्।

तपाईंले सकेसम्म चाँडो सबै जानकारी र कागजातहरू पेश गर्नुपर्छ।

यदि तपाईंसँग अहिले कागजातहरू छैनन् भने, तपाईं उहाँहरूलाई पछि प्रदान गर्न सक्नुहुन्छ। आफ्नो अभिभावकसँग कुरा गर्नुहोस्। तपाईंको अभिभावकले तपाईंलाई ती कागजातहरू प्राप्त गर्न र तिनीहरूलाई अधिकारीहरूसँग समयमै साझेदारी गर्न मद्दत गर्न सक्षम हुन सक्नुहुन्छ।

**यदि तपाईं आफ्नो दायित्वहरू पूरा गर्न सक्नुहुन्न भने, तपाईंको अभिभावक र शरण कार्यालयका कर्मचारीहरूलाई तुरुन्त बताउनुहोस् र कारण बताउनुहोस्।**





# यदि मैले मेरो दायित्वहरू पूरा गरिनँ भने के हुन्छ?



यदि तपाईंले आफ्नो दायित्वहरू पूरा गर्नुभएन भने, तपाईंको आवेदनमा नकारात्मक असर पर्न सक्छ।

तपाईंले मैले व्याख्या गरेका केही अधिकार र सहायता सेवाहरू गुमाउन सक्नुहुन्छ।



**यदि तपाईंले आफ्नो दायित्वहरू पूरा गर्नुभएन भने तपाईंको शरण प्रक्रिया रोक्न वा अस्वीकार गर्न सकिन्छ, उदाहरणका लागि:**

- तपाईंले अधिकारीहरूका प्रश्नहरूको जवाफ दिनुहुन्न वा
- तपाईंले उहाँहरूलाई आफ्नो औंलाको छाप लिन अनुमति दिनुहुन्न वा
- तपाईं बसेको ठाउँ अनुमति बिना छोड्नुहुन्छ।

यस्तो अवस्थामा, अधिकारीहरूले सोच्नु हुनेछ कि तपाईं आफ्नो आवेदनको बारेमा गम्भीर हुनुहुन्न। तपाईं अब आवेदक रहनु हुने छैन र उपलब्ध गराइएको सबै सहयोग गुमाउनु हुने छ।



यदि तपाईंले अधिकारीहरूलाई आफ्नो वा तपाईंको कथाको सत्यता बताउनुभएन वा यदि तपाईंले महत्त्वपूर्ण जानकारी लुकाउनुभयो वा जानाजानी तपाईंको कागजातहरू नष्ट गर्नुभयो भने, तपाईंको आवेदन अस्वीकार हुन सक्छ र तपाईंलाई शरण दिन सकिँदैन।

यदि अधिकारीहरूले पछि तपाईंले शरण प्रक्रियाको क्रममा सत्य कुरा भन्नुभएको थिएन भन्ने थाहा पाएमा तपाईंको शरणको अनुमति फिर्ता लिन सकिन्छ।








मैले तपाईंलाई जान्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण कुरा बताएँ। तपाईंको अभिभावक र अधिकारीहरूले तपाईंलाई शरण प्रक्रियाको क्रममा थप स्पष्टीकरणहरू प्रदान गर्नु हुने छ।





**याद राख्नुहोस्!**
**शरणको लागि सोध्न पनि नि:शुल्क छ**






# सावधान रहनुहोस्

पैसा वा कुनै फाइदाको बदलामा सहयोगको प्रस्ताव गर्ने व्यक्तिहरूबाट सतर्क रहनुहोस्। तिनीहरूका नराम्रा अभिप्रायहरू हुन सक्छन्।



कोही व्यक्तिले तपाईंलाई छोडेर जाने प्रयास गर्न उकास्न सक्छ। तर याद गर्नुहोस् कि तपाईंले छोड्नु हुँदैन किनकि यो तपाईंको लागि खतरनाक हुन सक्छ।






यदि कसैले तपाईंलाई आफूले गर्न नचाहेको वा गलत लाग्ने कुनै कुरा गर्न मनाउन खोज्दैछ भने, तुरुन्तै आफ्नो अभिभावक वा तपाईं बसिरहेको ठाउँमा काम गर्ने वयस्कहरूलाई जानकारी दिनुहोस्।



# यदि म आफ्नो देश फर्कन र आफ्नो आवेदन रोक्न चाहन्छु भने, मैले के गर्नुपर्छ?





यदि तपाईं आफ्नो देश फर्केर आफ्नो आवेदन रोक्न चाहनुहुन्छ भने, आफ्नो अभिभावक र अधिकारीहरूलाई भन्नुहोस्। उहाँहरूले तपाईंलाई सुरक्षित रूपमा फिर्ता जान मद्दत गर्न सक्नुहुन्छ।



**यदि तपाईंसँग मैले भर्खरै व्याख्या गरेको कुराको बारेमा थप प्रश्नहरू छन् भने, तपाईं बस्ने ठाउँमा काम गर्ने तपाईंको अभिभावक, अधिकारीहरू वा कर्मचारीहरूलाई सोध्नुहोस्।**



यो पुस्तिका सूचना दिने प्रयोजनको लागि मात्र हो। यसले आफैंमा अधिकार वा दायित्वहरू सिर्जना गर्दैन। यस सामग्रीको मुख्य भाग युरोपेली युनियन शरण एजेन्सी (EUAA) ले उपलब्ध गराएको हो र यस पुस्तिकाको पुनरुत्पादन वा परिमार्जन गर्ने अनुमति EUAA द्वारा केवल EU सदस्य राष्ट्रहरूलाई मात्र दिइएको छ। EUAA ले EU सदस्य राष्ट्रहरू वा कुनै अन्य जिम्मेवार तेस्रो पक्षद्वारा यस ब्रोशरमा समावेश गरिएको जानकारीको शुद्धता, सामग्री, पूर्णता, वैधता वा विश्वसनीयताको लागि कुनै जिम्मेवारी वा दायित्व स्वीकार गर्दैन। यस पुस्तिकामा रहेको जानकारीको हुन सक्ने प्रयोगका लागि न त EUAA, न त EUAA को तर्फबाट काम गर्ने कुनै पनि व्यक्ति जिम्मेवार हुने छन्।

© युरोपेली युनियन शरण एजेन्सी, 2025